(आ.व. २०८२/०८३) बैठक नं.

आज मिति २०८२ साल भाद्र १६ गते सोमवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | ~~सुरेन्द्र प्रसाद चौरसी~~ का.वा. वडाध्यक्ष मो० हुसेन | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

*मिति २०८२/०५/१६*

**मिति २०८२/०५/१६ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।
२. उपभोक्ता समिति गठन तथा लागत अनुमान तयार गराउने सम्वन्धमा ।
३. जिन्सी निरिक्षणको प्रतिवेदन स्विकृत गर्ने सम्वन्धमा ।
४. आर्थिक सहायता सम्वन्धमा ।
५. हरिपुर नगरपालिकाको आय ठेक्का सम्वन्धमा ।
६. ब्यवसायीक भवनको दररेट सम्वन्धमा ।
७. आपतकालिन आश्रय स्थल सम्वन्धमा ।
८. भु-उपयोग बर्गिकरणमा खटिएका कर्मचारीहरुको पारिश्रमीक सम्वन्धमा ।
९. जेसिस कन्भेक्सनको लागि रकम विनियोजन गर्ने सम्वन्धमा ।
१०. सार्वजनिक ऐलानी पर्ती जग्गा सम्वन्धमा ।
११. वडा नं. १ मा जितमहान मेलाको रकम विनियोजन गर्ने सम्वन्धमा ।
१२. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव प्रस्ताव नं. २ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकामा आ.व. २०८२।०८३ मा पन्ध्रौ नगरसभाबाट स्विकृत योजना तथा कार्यक्रम संचालन गर्नको लागि नगरस्तरीय र वडास्तरीय योजनाहरुलाई कार्यान्वयन गर्नको लागि मिति २०८२ असोज ३१ गते सम्म उपभोक्ता समिति गठन गर्नलाई समय, मिति र स्थान तथा योजनाको नाम किटान गरी कम्तीमा ७ दिने सार्वजनिक सूचना प्रकाशन गरी प्रचार प्रसार गरी उपभोक्ता समिति गठन गर्ने साथै सो योजनाहरुको प्राविधिकबाट नाप जाँच गरी लागत अनुमान तयार गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको मिति २०८२।०४।१५ गतेको निर्णय अनुसार नगरपालिका तथा नगरपालिका अन्तर्गत रहेका वडा कार्यालय र विभिन्न विषयगत कार्यालयहरु समेतको जिन्सी निरिक्षण गर्न आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम १ वमोजिम गठन भएको जिन्सी निरिक्षण समितिले नगरपालिका तथा नगरपालिका अन्तर्गत रहेका वडा कार्यालय र विभिन्न विषयगत कार्यालयहरुमा गई जिन्सी निरिक्षण गर्दा प्राप्त जिन्सी सामग्रीको विवरण सहितका जिन्सी प्रतिवेदनलाई नगर कार्यपालिकाबाट स्वीकृत गरी अगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०५।१६

नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.ब. २०८२।०८३ को पन्ध्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमवाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | जोहर खातुन | ३ | हरिपुर | मुटु रोग स्वास्थ्य उपचार | २०८२।५।५ | मिति २०८२।५।५ गते च.नं. २०० | ६०००।०० |
| २ | पवित्री देवी (तिज कार्यक्रम) | ९ | हरिपुर | धार्मिक चाडपर्व | २०८२।४।१४ | मिति २०८२।४।२७ गते च.नं. ८६ | ६०००।०० |
| ३ | गेनम माझी (सिता देवी माझी) | ८ | हरिपुर | क्रिया खर्च | २०८२।५।२ | मिति २०८२।५।३ गते च.नं. ११९ | ६०००।०० |
| ४ | बिन्देश्वर ठाकुर लोहार | ४ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।४।२७ | मिति २०८२।४।२८ गते च.नं. १०३ | ६०००।०० |
| ५ | लाल मोहमद शेष | ९ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।४।२७ | मिति २०८२।४।२७ गते च.नं. ९४ | १००००।०० |
| ६ | कल्याणी देवी चौधरी | ७ | हरिपुर | नसा पेट स्वास्थ्य उपचार | २०८२।५।१३ | मिति २०८२।५।१४ गते च.नं. १२५ | ६०००।०० |
| ७ | कपिलदेव चौधरी | ७ | हरिपुर | मस्तिक स्वास्थ्य उपचार | २०८२।४।९ | मिति २०८२।५।१५ गते च.नं. १२० | ६०००।०० |
| ८ | जनक राय | ८ | हरिपुर | झाडा पाखाला स्वास्थ्य उपचार | २०८२।५।१५ | मिति २०८२।५।१५ गते च.नं. २९३ | १००००।०० |

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ मा अवस्थित हरिपुर गुदरी बजार र नगर कार्यपालिका कार्यालयको भित्र रहेको चमेना गृहको ठेक्का प्रयोजनको लागि यस नगरपालिका कार्यालयबाट ३ पटक ठेक्कका बन्दोवस्तीको सूचना प्रकाशन गर्दा समेत ठेक्का प्रक्रियामा नगएकोले राजश्व परामर्श समितिको मिति २०८२।०५।१५ गतेको निर्णयानुसार देहायमा उल्लेखित दररेटमा ठेक्का लगाउने निर्णय गरियो ।

देहाय

| क्र.सं. | ठेक्काको किसिम | अघिल्लो मूल्यांकन | पुनः मूल्यांकन (म.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | हरिपुर बजार | ५,७८,०००।०० | ४,३०,१६५।०० | अघिल्लो मूल्यांकनको १० प्रतिशत अंक घटाउने र बार्षिक बजार लाग्ने दिन संख्या (१०४) ले अंक |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०५।१६

| | | | | |
|---|---|---|---|---|
| | | | | ५,२०,२००।०० लाई भाग गरी आउने अंक ५,००१।०० श्रावण र भाद्र महिनाको बजार संख्या १८ वटा घटाई बाँकी ८६ वटा बजारको लागि पुनः मूल्याँकन गरियो । |
| २ | चमेना गृह | ६०,०००।०० | ५४,०००।०० | अघिल्लो मूल्याँकनको १० प्रतिशत रकम घटाएको |

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ मा अवस्थित बहुतले व्यवसायिक भवनको ठेक्का लगाउने प्रयोजनको लागि राजश्व परामर्श समितिको मिति २०८२।०५।१५ गतेको निर्णयानुसार प्रति कोठा न्यूनतम दररेट देहाय बमोजिमको कायम गर्ने निर्णय गरियो ।

| क्र.सं. | दिशा | कोठा संख्या | न्यूनतम दररेट प्रति कोठा | कैफियत |
|---|---|---|---|---|
| १ | उत्तरी | ७ | ४,०००।०० | |
| २ | दक्षिण | ७ | ३,०००।०० | |

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको ८ नं. वडा कार्यालयको प.सं. २०८२।०८३, च.नं. ७६, मिति २०८२।०४।२१ गतेको सिफारिस सम्बन्धको प्राप्त पत्रानुसार हरिपुर नगरपालिकाको वडा नं. ८ अन्तर्गत प्राथमिकता प्राप्त नदी बेशिन बाढी व्यवस्थापनका लागि वडा नं. ८ मा रहेका जगतपुर र जुटपानी टोल वा बस्ति बाढीको उच्च जोखिममा रहेकोले उक्त बस्ति नजिकै रहेको तपशिलको विवरण अनुसारको जग्गामा आपतकालिन आश्रय स्थल बनाउनका लागि दाबि विरोध नरहने गरि निर्माण पक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिलः

हरिपुर नगरपालिकाको वडा नं. ८ जगतपुरमा रहेको ०-१-०-० क्षेत्रफलको जग्गा

उक्त बस्तीको घरधुरि संख्याः ४८०

समुदायको भेला तथा सहमति

जग्गाको कित्ता नम्बरः ८८

नगरपालिका तथा वार्ड कार्यालयको बैठक प्रतिलिपी र सिफारिस पत्र ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकामा भु-उपयोग बर्गिकरण तथा व्यवस्थापन कार्यमा प्राविधिक सहयोगको लागि खटिएका देहायका कर्मचारीहरुलाई नेपाल सरकारको अधिकृत छैठौं स्तरको २ महिनाको आधारभूत पारिश्रमीक डोरहाजिरीमा भुक्तानी गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

| क्र.सं. | नाम | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | किरण खतिवाडा | गल्छी, धादिंग | ईन्जिनियर | |
| २ | दिपेश कुमार लोप्चन | हरिवन, सर्लाही | ईन्जिनियर | |

प्रस्ताव नं. ९ माथि छलफल गर्दा जेसिस कन्भेक्सनको लागि रकम यस नगरपालिकाको आ.व. २०८२।०८३ को १५ औ नगरसभाको अन्य संस्था सहायतावाट रकम रु. ५०,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

मिति २०८२/०५/१६

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका भित्रका सम्पुर्ण सार्वजनिक ऐलानी र पर्ति जग्गाहरु अतिअक्रमण गरिरहेकाले यस जग्गाहरुलाई ब्यवस्थित तथा नगरपालिकाको मातहतमा ल्याउनका लागि सम्पुर्ण वडाध्यक्ष सदस्य रहने गरी सार्वजनिक ऐलानी र पर्ति जग्गा ब्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

१. प्रेम हरि श्रेष्ठ-संयोजक

२. सम्पुर्ण वडाध्यक्ष ज्यूहरु-सदस्य

५. अरुण कुमार मण्डल-अमिन-सदस्य सचिव

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्तग वडा नं. १ को कार्यालयको प. सं. २०८२।०८३ च. नं. १५० मिति २०८२।०५।१५ गतेको रकम विनियोजन सम्वन्धको प्राप्तपत्रानुसार वडा नं. १ मा वर्षौंनी जितिया पर्वको पावन अवसरमा जितमहान मेला आयोजना गर्दै आइरहेको हुँद यस वर्ष पनि उक्त मेला संचालन गर्न यस नगरपालिकाको आ.व. २०८२।०८३ को १५ औ नगरसभाको धार्मिक सांस्कृतिक कार्यक्रमवाट रकम रु. ३०,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।